

# बजार अवलोकन ४४

श्रावण, २०६९

**निम्न संस्थाहरुद्वारा संयुक्त रुपमा प्रकाशित :**
विश्व खाद्य कार्यक्रम– खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली
कृषि बिकास मन्त्रालय, कृषि विभाग, कृषि ब्यावसाय प्रवर्धन तथा बजार बिकास निर्देशनालय
नेपाल उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द
उपभोक्ता हित संरक्षण मञ्च

## मुख्य बुँदाहरु

- ***२०६९ श्रावण महिनामा अनुगमन गरिएका प्राय खाद्य बस्तुहरुको मूल्य गत वर्ष भाद्र महिना यताकै सबै भन्दा उच्चस्तरमा पुगेको छ। यो बढ्दो प्रवृति (trend), बाली भिञ्याउने मौसम नभएको र मनसुनी वर्षाले समय समयमा खाद्यान्न ढुवानीमा बाधा पुऱ्याउनाले भएको हुन सक्दछ।***
- ***नेपाल राष्ट्र बैंक द्वारा प्रकाशित पछिल्लो प्रतिवेदन अनुसार वार्षिक मूल्य स्फीति २०६९ असार महिनमा ११.५ प्रतिशतमा कायम रहयो जुन गत वर्ष सोही समयमा ९.६ प्रतिशत थियो।***
- ***मनसुनी वर्षाका कारण सामान्य पहिरो गई पहाडी तथा हिमाली क्षेत्रलाई तराईसंग जोड्ने प्राय सडकमार्गहरु आंशिक रुपमा अवरुद्ध भएका छन्, । जसले सडक पहुँचमा बाधा पुऱ्याउनुका साथै यातायात लागतमा बृद्धि गराएको छ र यसको फलस्वरुप खाद्यान्न मूल्यमा बृद्धि भएको छ।***

## राष्ट्रिय रुपमा बजारको अवस्था

### मूल्य

कृषि बिकास मन्त्रालय र विश्व खाद्य कार्यक्रमद्वारा नियमति रुपमा अनुगमन गरिने बजारहरुमा खुद्रा मूल्यहरुले गत एक महिनामा बढ्दो प्रवृति (trend) देखाए। मोटा चामल र गहुँको पिठो जस्ता मुख्य खाद्य बस्तुहरुको राष्ट्रिय औसत मूल्यमा क्रमश: ७.३ प्रतिशत र ६.४ प्रतिशतका दरले बृद्धि भई प्रति किलो क्रमश: रु. ३६.८ र रु. ३६.७ भयो। यसैगरी, मास र मुसुरोको मूल्य क्रमश: २.२ प्रतिशत र ७.७ प्रतिशतका दरले बृद्धि भई प्रति किलो क्रमश: रु. ११०.२ र रु. १०१.२ भयो भने रातो आलु र भटमासको तेलको मूल्य क्रमश: १० प्रतिशत र ३.४ प्रतिशतका दरले बृद्धि भई क्रमश: प्रति किलो रु. ३८.१ र प्रति लिटर रु. १४८.५ भयो। २०६९ बैशाखको तुलनामा प्राय सम्पूर्ण मूल्यहरुले बढ्दो प्रवृति देखाए भने २०६८ श्रावणको तुलनामा अपवादस्वरुप आलु बाहेक अन्य खाद्य बस्तुहरुको मूल्यले बढ्दो प्रवृति देखाए।

क्षेत्रीय बजारहरुको मूल्यहरुले राष्ट्रिय मूल्यहरु जस्तै प्रवृति देखाए जस अनुसार तराईका बजारहरुको तुलनामा मुख्य उपभोक्ता बजार र पहाडी तथा हिमाली बजार हरुमा उच्च मूल्य बृद्धि भएको पाइयो। उदाहरणका लागि काठमाडौ, कास्की र रोल्पा जिल्लाहमा मोटा चामलको मूल्य ७.० प्रतिशत भन्दा बढीका दरले बृद्धि भयो। उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द्र द्वारा अनुगमन गरिएका पाँच ठूला थोक बजारहरुमा खाद्य बस्तुहरुको मूल्यले गत एक महिनामा खुद्रा मूल्यको जस्तै प्रवृति देखाए।

हालै नेपाल सरकारले पेट्रोल र डिजेल/मट्टितेलको मूल्य प्रति लिटर क्रमश: रु. ५.० र रु. ४.० का दरले बृद्धि गऱ्यो। ईन्धनको मूल्यमा भएको यस किसिमको निरन्तर बृद्धिले ढुवानी लागतमा बृद्धि गराई खाद्य बस्तुहरुको मूल्यमा बृद्धि गराउन सक्नेछ।

नेपाल राष्ट्र बैंक द्वारा हालै प्रकाशित समग्र (Macro) आर्थिक अवस्थाको प्रतिवेदन अनुसार, २०६९ असार महिनामा वार्षिक मूल्य स्फीति गत वर्ष यही समयको ९.६ प्रतिशतको तुलनामा ११.१ प्रतिशतका दरले बृद्धि भयो। खाद्य तथा पेय पदार्थको मूल्य सूचकाङ्ग गत वर्ष यही समयको १२.२ प्रतिशत बृद्धिको तुलनामा ११.९ प्रतिशतमा कायम रहयो भने अन्नहरुको मूल्य गत वर्ष यही समयको ५.९ प्रतिशत बृद्धिको तुलनामा ४.३ प्रतिशतका दरले मात्र बृद्धि भयो।

### आपूर्ति

मनसुनी वर्षाका कारण आएको सामान्य पहिरोले गर्दा कर्णाली, राप्ती, मेची, महाकाली र कटारी-ओखलढुङ्गा जस्ता पहाडी तथा हिमाली बजारहरुलाई तराईका बजारहरुसंग जोड्ने धैरै क्षेत्रीय राजमार्गहरु प्रभावित भए। यसले गर्दा खाद्य बस्तुहरुको ढुवानीमा सापेक्षिक रुपमा बढी समय लाग्ने हुनाले यातायात लागत लगायत खाद्य बस्तुहरुको सुचारु आपूर्तिमा यसले आंशिक रुपमा प्रभाव परेको छ। अपवादस्वरुप कच्ची सडक द्वारा जोडिएको बाजुराको मार्तडी जस्ता बजारहरु बाहेक पहाडी तथा हिमाली जिल्लाका प्राय स्थानीय बजारहरुमा माग अनुसार खाद्य बस्तुहरु उपलब्ध छन्। यस अवस्थालाई निकटबाट अनुगमन गर्न जरुरी छ।

### पूर्वानुमान

हालै भएको इन्धनको मूल्य बृद्धिले ढुवानी लागत बढाई खाद्यान्न मूल्यमा बृद्धि गराउने अनुमान छ। यसका साथै, आउँदो बाली (सामान्यतया मंसिर महिनामा) नभिञ्याइए सम्म खाद्य बस्तुहरुको उच्च मूल्य कायमै रहने अनुमान छ। उत्तरी अमेरीकामा भएको लामो सुख्खाको प्रभावका कारण गत महिनाको तुलनामा २०१२ जुलाईमा अन्तराष्ट्रिय खाद्यान्न मूल्य सूचकाङ्कमा भएको १०.० प्रतिशत बृद्धिले खाद्य बस्तुहरुको उच्च मूल्य बृद्धिको त्रासलाई बढाउन सक्नेछ।

ढिला/अपर्याप्त मनसुनी वर्षा र बाली लगाउने समयमा मलखाँदको अभावका कारण २०६९ को धान र मकै जस्ता वर्षे बालीको उत्पादनमा १० प्रतिशतले ह्रास आउने अनुमान छ जसले खाद्य असुरक्षाको जोखिमलाई बढाउदछ।

**मुख्य वस्तुहरुको मूल्यमा भएको अत्यधिक परिवर्तन**

| वस्तुहरु | मूल्य ने रु/केजि, लि | परिवर्तन १ महिना (%) | अवलोकन |
|---|---|---|---|
| इन्धन (पेट्रोल र डिजेल/मट्टितेल) | विभिन्न | करिब ४.३० | नेपाल आयल निगमको बढ्दो नोक्सानीलाई कम गर्ने प्रयास। |
| गोलभेडा, काउली र स्याउ | विभिन्न | १६ देखि ३० | बाली भिञ्याउने मौसम नभएको र चाडै बिग्रने हुनाले आपूर्तिमा कमी आएको। |

**१२ महिनाको औसत मूल्य ***




**मूल्य परिवर्तन प्रतिशतमा ** (१ महिना र १ वर्ष)**




नेपालको खाद्य सुरक्षा सम्बन्धि ताजा जानकारिकालागि खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली (NeKSAP) को विद्युतय ठेगाना **http://www.sites.google.com/site/nefoodsec** मा हेर्न सकिनेछ।

† मूल्यहरु २०६९ श्रावण महिनाको मूल्य सँग सम्बन्धित छन्।

* मूल्यहरु यस प्रतिवेदनको पछाडी पट्टी दिईएको बजारहरुबाट लिइएको हो। तर सडक नपुगेका हिमाली तथा पहाडी बजारहरु यसमा समावेश छैनन्।

** मूल्य परिवर्तन यस प्रतिवेदनमा भएका सम्पूर्ण बजारहरुसंग सम्बन्धित छन्।



नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Surakshya Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

## मुख्य खाद्य बस्तुहरुको खुद्रा मूल्य- श्रावण, २०६९

| बजार | मुख्य खाद्य बस्तुहरु | हालको मूल्य (नेरु/के जि नेरु/लि) | मूल्यमा परिवर्तन (%) * १ महिना | ३ महिना | १ वर्ष | औसत मासिक परिवर्तन १म | ३ म | १ वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| **मूख्य उपभोक्ता बजार** | | | | | | | | |
| काठमाडौं | मोटा चामल | ४०.० | ८.१ | ११.१ | १४.३ | ▲ | ▲ | ▶ |
| | गहुँको पिठो | ३५.० | ०.० | -२.८ | -२.८ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १४०.० | -२.१ | ५.३ | १२.० | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | २५५.० | ४.१ | २.० | ८.५ | ▶ | ▶ | ▶ |
| | तोरीको तेल | १९०.० | ७.३ | ३६.७ | ४७.३ | ▲ | ▲ | ▲ |
| | मास | १०५.० | -४.५ | ०.० | -४.५ | ▶ | ▶ | ▶ |
| | मुसुरो | १०३.० | ०.० | २४.१ | ०.० | ▶ | ▲ | ▶ |
| | आलु | ३४.० | -२.९ | ६.३ | २५.९ | ▶ | ▶ | ▲ |
| पोखरा | मोटा चामल | ४५.० | ७.१ | ७.१ | ०.० | ▲ | ▶ | ▶ |
| | गहुँको पिठो | ३६.० | ५.९ | २.९ | -५.३ | ▲ | ▶ | ▶ |
| | भटमासको तेल | १५८.० | १.३ | १२.९ | ३१.७ | ▶ | ▲ | ▲ |
| | कुखुराको मासु | ३१०.० | ३.३ | ०.० | १०.७ | ▶ | ▶ | ▶ |
| | तोरीको तेल | १७८.० | ७.२ | ११.३ | २७.१ | ▲ | ▲ | ▲ |
| | मास | ११८.० | २.६ | ५.४ | २.६ | ▶ | ▶ | ▶ |
| | मुसुरो | १०१.० | ६.३ | १६.१ | ६.३ | ▲ | ▲ | ▶ |
| | आलु | ४५.० | ७.१ | ४०.६ | ६६.७ | ▲ | ▲ | ▲ |
| **क्षेत्रीय तराई बजार** | | | | | | | | |
| विराटनगर | मोटा चामल | ३०.७ | ०.० | -१.१ | ९.५ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | २८.० | ३.७ | -६.७ | -६.७ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १४१.७ | ०.० | ०.० | १९.१ | ▶ | ▶ | ▲ |
| | कुखुराको मासु | २६८.३ | ७.३ | -२९.४ | १९.८ | ▲ | ▼ | ▲ |
| | तोरीको तेल | १७५.० | ०.० | ७.१ | ३१.६ | ▶ | ▶ | ▲ |
| | मास | ९०.० | ०.० | -६.९ | -१०.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | ८५.० | ९.४ | २४.४ | २१.४ | ▲ | ▲ | ▲ |
| | आलु | ३६.० | ४२.१ | ५०.० | ३८.५ | ▲ | ▲ | ▲ |
| विरगंज | मोटा चामल | ३५.० | २.९ | ९.४ | -२.८ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | २९.० | ३.६ | ३.६ | -१९.४ | ▶ | ▶ | ▼ |
| | भटमासको तेल | १५०.० | ०.० | १.४ | २५.० | ▶ | ▶ | ▲ |
| | कुखुराको मासु | २६०.० | ०.० | ०.० | ८.३ | ▶ | ▶ | ▶ |
| | तोरीको तेल | १८०.० | ०.० | १२.५ | ३८.५ | ▶ | ▲ | ▲ |
| | मास | ९६.० | ४.३ | २.१ | १४.३ | ▶ | ▶ | ▶ |
| | मुसुरो | ९३.० | १.१ | २५.७ | १०.७ | ▶ | ▲ | ▶ |
| | आलु | ३०.० | ७.१ | ५०.० | ५०.० | ▲ | ▲ | ▲ |
| नेपालगंज | मोटा चामल | | | | | | | |
| | गहुँको पिठो | | | | | | | |
| | भटमासको तेल | | | | | | | |
| | कुखुराको मासु | | | | | | | |
| | तोरीको तेल | | | | | | | |
| | मास | | | | | | | |
| | मुसुरो | | | | | | | |
| | आलु | | | | | | | |
| धनगढी | मोटा चामल | २८.० | ०.० | १२.० | -३०.० | ▶ | ▲ | ▼ |
| | गहुँको पिठो | २८.८ | ६.७ | १०.८ | -७.१ | ▲ | ▲ | ▶ |
| | भटमासको तेल | १२०.० | ०.० | ०.० | १४.३ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | २४३.० | -२.८ | -२.८ | -२.८ | ▶ | ▶ | ▶ |
| | तोरीको तेल | १७५.० | २.९ | २१.५ | ३७.८ | ▶ | ▲ | ▲ |
| | मास | १२७.० | १.६ | ५.८ | -९.३ | ▶ | ▶ | ▶ |
| | मुसुरो | ८९.८ | १२.३ | १२.३ | -१०.२ | ▲ | ▲ | ▶ |
| | आलु | ४३.८ | ९.५ | ४६.० | ४६.० | ▲ | ▲ | ▲ |
| भैरहवा | मोटा चामल | | | | | | | |
| | गहुँको पिठो | | | | | | | |
| | भटमासको तेल | | | | | | | |
| | कुखुराको मासु | | | | | | | |
| | तोरीको तेल | | | | | | | |
| | मास | | | | | | | |
| | मुसुरो | | | | | | | |
| | आलु | | | | | | | |
| **सडक पहुँच भएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| धनकुटा | मोटा चामल | ३१.० | ०.० | ३.३ | -८.८ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ३५.० | ०.० | -५.४ | १६.७ | ▶ | ▶ | ▲ |
| | भटमासको तेल | १४५.० | ०.० | ०.० | २०.८ | ▶ | ▶ | ▲ |
| | कुखुराको मासु | २६०.० | -७.१ | -७.१ | १३.० | ▼ | ▶ | ▶ |
| | मास | १२०.० | ०.० | ०.० | ४.३ | ▶ | ▶ | ▶ |
| | मुसुरो | ११०.० | ०.० | ३७.५ | ३७.५ | ▶ | ▲ | ▲ |
| | आलु | ३५.० | ०.० | ०.० | १६.७ | ▶ | ▶ | ▲ |
| रोल्पा | मोटा चामल | ३४.० | २१.४ | ३.० | -१०.५ | ▲ | ▶ | ▶ |
| | गहुँको पिठो | ४०.० | ४२.९ | ०.० | -३८.५ | ▲ | ▶ | ▼ |
| | भटमासको तेल | १५०.० | २५.० | ३.४ | १५.४ | ▲ | ▶ | ▲ |
| | कुखुराको मासु | २८०.० | १२.० | ०.० | ०.० | ▲ | ▶ | ▶ |
| | मास | ११०.० | -१२.० | -८.३ | -८.३ | ▼ | ▶ | ▶ |
| | मुसुरो | ११०.० | ३७.५ | ४.८ | -१५.४ | ▲ | ▶ | ▼ |
| | आलु | ४०.० | ०.० | ४२.९ | ०.० | ▶ | ▲ | ▶ |
| सांफेबगर | मोटा चामल | ३६.० | २.९ | २.९ | २.९ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ४०.० | ०.० | ०.० | १४.३ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | ३५०.० | ०.० | २५.० | ४०.० | ▶ | ▲ | ▲ |
| | कुखुराको मासु | १८०.० | ०.० | ०.० | २८.६ | ▶ | ▶ | ▲ |
| | मास | १३०.० | ०.० | ०.० | ८.३ | ▶ | ▶ | ▶ |
| | मुसुरो | १२०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | आलु | ४०.० | -११.१ | -२०.० | ३३.३ | ▼ | ▼ | ▲ |
| जुम्ला | मोटा चामल | ४५.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ६०.० | ०.० | - | ०.० | ▶ | - | ▶ |
| | भटमासको तेल | १८०.० | ०.० | ५.९ | २८.६ | ▶ | ▶ | ▲ |
| | कुखुराको मासु | - | - | - | - | - | - | - |
| | मास | १००.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | १००.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | आलु | ४०.० | ०.० | -३३.३ | ३३.३ | ▶ | ▼ | ▲ |
| बाजुरा | मोटा चामल | ४५.० | ०.० | ३२.४ | १२.५ | ▶ | ▲ | ▶ |
| | गहुँको पिठो | ४०.० | ०.० | ११.१ | ५.३ | ▶ | ▲ | ▶ |
| | सीमी | १२०.० | ०.० | २०.० | ०.० | ▶ | ▲ | ▶ |
| | मास | १२०.० | ०.० | ०.० | ९.१ | ▶ | ▶ | ▶ |
| | मुसुरो | १२०.० | ०.० | ०.० | ९.१ | ▶ | ▶ | ▶ |
| | आलु | २५.० | ०.० | -३७.५ | -१६.७ | ▶ | ▼ | ▼ |
| **सडक पहुँच नभएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| हुम्ला | मोटा चामल* | ४०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | २२०.० | -४.३ | ०.० | -४.३ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | २८०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | सीमी | १२०.० | ९.१ | २०.० | ०.० | ▲ | ▲ | ▶ |
| | मास | - | - | - | - | - | - | - |
| | मुसुरो | - | - | - | - | - | - | - |
| | आलु | ६०.० | -१४.३ | ५०.० | २००.० | ▼ | ▲ | ▲ |
| डोल्पा | मोटा चामल | १००.० | ०.० | ११.१ | ०.० | ▶ | ▲ | ▶ |
| | गहुँको पिठो | १४०.० | ०.० | ७.७ | ७.७ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | २१०.० | ०.० | ५.० | -८.७ | ▶ | ▶ | ▶ |
| | सीमी | २३०.० | ०.० | १५.० | १५.० | ▶ | ▲ | ▶ |
| | मास | ११०.० | -४७.६ | -४५.० | -३५.३ | ▼ | ▼ | ▼ |
| | मुसुरो | २१०.० | ०.० | ५.० | ५.० | ▶ | ▶ | ▶ |
| | आलु | ५०.० | ०.० | ४२.९ | २५.० | ▶ | ▲ | ▲ |

▲ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य बढेको

▶ सामान्य मूल्य परिवर्तन

▼ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य घटेका

यदि मूल्य परिवर्तन १ महिनामा ५ % सम्म, ३ महिनामा १० % सम्म अथवा १ वर्षमा १५ % सम्म भएमा त्यसलाई सामान्य मानिने छ।

* यो नेपाल खाद्य संस्थान द्वारा वितरीत चामल हो किनभने त्यहाँ अन्य खाद्य सँचिती उपलब्ध छैन।

नेपालको खाद्य सुरक्षा सम्बन्धि ताजा जानकारीकालागि खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली (NeKSAP) को विद्युतिय ठेगाना **http://www.sites.google.com/site/nefoodsec** मा हेर्न सकिनेछ।

यो **बजार अवलोकन** विश्व खाद्य कार्यक्रम, नेपालले कृषि व्यवसाय प्रवर्धन तथा बजार विकास निर्देशनालय, नेपाल उद्योग वाणिज्य महासंघ तथा उपभोक्ता हित संरक्षण मञ्चको संयुक्त सहकार्यमा नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली NeKSAP को एक पाटोका रुपमा तयार पारेको हो। नेपाल खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली द्वारा प्रकाशीत सम्पूर्ण सामाग्रीहरु NeKSAP को विद्युतिय ठेगाना http://www.sites.google.com/site/nefoodsec मा हेर्न सकिनेछ। थप जानकारीको लागि पो. ब. १०७, टेलिफोन : ५२६०६०७ एक्सटेन्सन नं.: २४२०–५ मा सम्पर्क राख्न सकिनेछ।

यो परियोजना यूरोपीयन यूनियन अन्तर्गत खाद्य सहयोग कोषको सहयोगमा सञ्चालित छ। यस बुलेटिनमा प्रकासित विचारहरुले यूरोपीयन यूनियनको विचारहरुलाई प्रतिविम्वित गर्दछ भन्ने कूनै जरुरी छैन।